雲南日報
YUNNAN DAILY PRESS GROUP
云南日报报业集团
Issue No. 12

CHINA · YUNNAN

YUNNANEXPRESS
english.yunnan.cn

JANA AASTHA NATIONAL WEEKLY
वर्ष २४, अंक ४५, २०७५ साल माघ १६ गते बुधवार
YEAR 24, ISSUE 45, JAN. 30, 2019

७

सुधार र खुलापनको ४० औं वर्षगाँठ

भर्खरै बितिसकेको २०१८ वर्ष चीनको सुधार र खुला नीति अपनाएको ४०औं वर्षगाँठ हो । यो चिनियाँ राष्ट्र र नयाँ चीनको इतिहासमा अविस्मरणीय र असाधारण ४० वर्ष हो । चीनले केही दशकमा जुन आधुनिकीकरण प्राप्त गरेको छ, त्यो पश्चिमी विकसित देशहरूले सयौँ वर्षसम्म लगाएर प्राप्त गरेको हो । चीनले पिछडिएको जमानाबाट फड्को मारेर नयाँ जमानामा प्रवेश गर्ने र नेतृत्व समेत गर्ने ठूलो ऐतिहासिक प्रगति गरेको छ । स्वतन्त्र, धनी र शक्तिशाली देश बन्ने महान् छलाङ गरेको छ । राष्ट्रिय पुनरुत्थानको महान् लक्ष्य प्राप्त गर्न अभूतपूर्व रूपमा नजिकिएको छ । यस पत्रिकाले बहुपक्षका आवाज समेटेर पाठ्यवर्गलाई नयाँ युगमा चीनको व्यापक र गहिरो सुधार गर्ने र खुलापनको विस्तार गर्ने दृढ संकल्प देखाउने छ ।

सुधार र खुलापनको फराकिलो आकाश

पहिलो, जनजीवनको नयाँ आकाश खुलेको छ । सन् १९७८ देखि २०१७ सम्म चिनियाँ प्रति नागरिक व्यक्ति डिस्पोजेबल आय ३४३ युआनदेखि ३६,००० युआनसम्म पुगेको छ भने प्रति ग्रामीन व्यक्ति शुद्ध आय १३४ युआनदेखि १३,४०० युआनमा पुगेको छ । आधारभूत चिकित्सा बीमा र सामाजिक पेन्सन बीमा पनि शून्यदेखि केही मात्रामा बढेर १ अरब ३५ करोड तथा ९० करोड मानिसलाई छुट्टाछुट्टै कभर गरेको छ । अपेक्षाकृत पिछला शिक्षा स्तरदेखि संसारमा उच्च-मध्यवर्गमा पुगेको छ । गाउँ शहरमा निःशुल्क अनिवार्य शिक्षा पूर्ण रूपमा प्राप्त भएको छ, हाइस्कूल र उच्च स्तरीय शिक्षाको सकल भर्ना दर ८८.३५ र ४५.७५ पुगेको छ । ७० करोड मानिस निरपेक्ष गरिबीबाट छुटकारा पाएको छ र तत्कालै विश्वको गरिबी निवारणको कुल जनसंख्यामा ७०५ ओगटेको छ...! यी तथ्यांक र डाटाहरूले करोडौँ चिनियाँ जनताको जीवनमा अभावदेखि पूर्णतासम्म, गरिबीदेखि सम्पन्नतासम्मको ऐतिहासिक सफलता रेकर्ड गरेको छ । विगतमा टिकट प्रयोग गरेर मात्र किन्नदेखि ई-व्यापारबाट विश्वभर किन्नसम्म, नीरस र घृणात्मक सांस्कृतिक जीवनदेखि रंगीन स्क्रिन, पर्दा र मञ्चहरूमा मनोरञ्जन गर्नसम्म, 'साइकल राज्य'देखि हाइ-स्पिड रेलवेको लम्बाइ विश्वमा पहिलो स्थानमा पुगेकोसम्म...! यिनै उदाहरणहरू, दृश्यहरूले प्रत्येक चिनियाँ जीवनमा उथलपुथल प्रतिबिम्बित गरेका छन् ।

दोस्रो, राष्ट्रिय पुनरूत्थानमा नयाँ आकाश खुलेको छ । प्रविधि भित्र्याउनदेखि स्वतन्त्र नवाचार गर्नसम्ममा

चीनले केही अग्रणी क्षेत्रमा ठूलो प्रगति गरेर विश्वलाई नेतृत्व गर्न थालेको छ । ठूला र शक्तिशाली हातहतियारको आविष्कार हुँदा प्राविधिक शक्ति र नवाचार शक्ति दिनदिनै बलियो हुँदै छ । देशको ढोका बन्द, अर्धबन्द र पूर्ण रूपमा खुला गरेकाले विश्वको सबैभन्दा ठूलो पैठारी देश र दोस्रो ठूलो आयात देश बन्न पुगेको छ । विश्व अर्थतन्त्रमा सबैभन्दा ठूलो निश्चयात्मक भूमिका र मुख्य पावर स्रोत भएको छ । वर्षौंदेखि लगातार विश्व अर्थतन्त्रको वृद्धिमा ३०५ भन्दा बढी योगदान दर दिएको छ ।

तेस्रो, समाजवादमा नयाँ आकाश खुलेको छ । चीनले वैज्ञानिक समाजवादी आधारभूत सिद्धान्त अवलम्बन गरेर देशको यथार्थको आधारमा नयाँ युगको विशेषतासहित एकल सार्वजनिक स्वामित्व र योजनाबद्ध अर्थव्यवस्थामा निहित नमुना तोडेर समाजवादी बजारमुखी अर्थव्यवस्था सिर्जनात्मक रूपमा प्रस्तुत र विकसित गरेको र धेरै हदसम्म सामाजिक उत्पादकताको मुक्ति र विकास गरेको छ । चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्व, जनतन्त्र र कानुनबमोजिम देशको प्रशासन गर्ने समाजवादी लोकतान्त्रिक राजनीतिक प्रणालीलाई पूर्णता र विकास गरेको छ । जनताको सिर्जनशीलता, सक्रियता र सकारात्मकताको पूर्ण उत्साह उत्प्रेरित गरेको छ, र सामाजिक न्याय सबल रूपमा कायम गरेको छ..., आर्थिक, राजनीतिक, सांस्कृतिक, सामाजिक र पारिस्थितिक सभ्यता निर्माणको 'पाँच पक्षको एकीकरण' समग्र रूपमा प्रमोदित र विकसित भएको छ ।

हावा र वर्षाको साथसाथै हामी अगाडि बढ्छौं । 'सुधार र खुला नीति चीनको दोस्रो क्रान्ति हो । यसले चीनलाई गहिरोसँग परिवर्तन गरेको मात्र होइन, संसारलाई पनि परिवर्तन गरेको छ ।' यो आजको समकालीन चीन र संसारको सबैभन्दा गहिरो अभिव्यक्ति हो, चिनियाँ जनताको सबैभन्दा आत्मविश्वस्त र गर्व घोषणा हो ।

बेइजिङको गति : ४० वर्षको गर्व र अभिमान

४० वर्ष अघिको बेइजिङ, दोस्रो चक्रभित्रका ठूला र राम्रा भवनहरू त्यति धेरै थिएन । सबैभन्दा अग्लो आनह्वा भवनका नौ तले मात्र थियो । आजको भव्य चाङआन स्ट्रिटको तुलनामा तत्कालीन अवस्था धेरै फरक थियो । ४० वर्ष बिसिसकेपछि आजको बेइजिङ विश्वको पहिलो श्रेणीको सुरिलो र बस्न योग्न राजधानी बन्दै छ । सुधार र खुला नीति लगातार अगाडि बढ्नका साथै बेइजिङको परिवर्तन पनि द्रुत गति लिएको छ । बेइजिङ सीबीडी (CBD) व्यापारिक केन्द्रको रूपमा परिचित छ र विश्वको ध्यानाकर्षित क्षेत्र हो । संसारका ५०० शक्तिशाली कम्पनीहरूमध्ये धेरैका मुखालय यहाँ स्थित छन् । अनि चीनका धेरै उन्नत उद्यमहरू जस्तै वित्त, बीमा, अचल भूमि, सम्पत्ति र इन्टरनेट कम्पनीका कार्यलय पनि यहाँ छन् । बेइजिङको प्रतिनागरिक वार्षिक आय सन् १९८३ को ८२६ युआनदेखि २०१७ को ५७ हजार युआनसम्म पुगेको छ । यसको ६९ गुणाले वृद्धि भएको छ ।

वसन्त शहर कुनमिङ : फूलहरूको ड्रिमल्याण्ड

विश्व बागवानी एक्सपोले कुनमिङ शहरको विशेषता र चिनियाँ शैली प्रदर्शित गरेको छ र कुनमिङको आर्थिक विकासका लागि पनि नयाँ अवसर ल्याएको छ । यसका साथै, कुनमिङको विशेष भौगोलिक फाइदाले यसलाई पूर्वी एशियाई महाद्वीप र दक्षिण-चीन प्रायद्वीप तथा दक्षिण एशिया उपमहाद्वीपबीचको आर्थिक र व्यापार आदानप्रदानको एक स्थल केन्द्र बनाएको हो, विशेष गरी बर्मा, लाओस् र थाइल्याण्डका लागि खुला स्थल केन्द्र हो ।

'वर्षभरि फूल फुलि नै रहन्छ ।' यो कुनमिङ शहर देशविदेशी पर्यटकहरूलाई दिएको पहिलो छाप हो । फूल यो शहरको विशेष आकर्षण हो । सुधार र खुला गरेको ४० वर्षयता कुनमिङ बासीहरू यस नगरको व्यक्तित्व खोजिरहेका छन् र 'संसारको वसन्त सहर र फूलको शहर' लक्षित गरेर निर्माण गरिरहेका छन् ।

सन् १९९९को विश्व बागवानी एक्सपोमा कुनमिङको फूल र बगैंचा कला पहिलो पटक संसारमा नाम चलेको थियो । कुनमिङ संसारको बागवानी जगतमा सर्वमान्य फूल उब्जने सबैभन्दा राम्रो क्षेत्रमा एक हो ।

सन् १९९२ मा ५० मिटर लामो सडकमा फूल बजार चिनिन्थ्यो । आजको दोनान अन्तर्राष्ट्रिय फूल उत्पादन पार्कमा ताजा फूलको व्यापारिक प्लेटफर्म निरन्तर रूपमा विस्तार र स्तर वृद्धि भइरहेको छ । आजकल दोनान फूल बजारमा २० वर्षदेखि लेनदेनको मात्रा, मूल्य, नगद, मानव प्रवाह र निर्यात मात्रा चीनमा पहिलो स्थानमा रहेको छ । यहाँ हरेक दिन १ करोड ९१ लाख ८० हजार फूलहरू देश र विश्वभरका ५० भन्दा बढी देशमा बिक्दछन् ।

(यस पत्रिकाबाट संश्लेषित)

आवाज

चीनको विकासले विश्वलाई अवसर ल्याउँछ

यो चिनियाँहरूलाई धेरै स्पष्ट छ कि विकासका लागि आफ्नै कडा परिश्रममा भरोसा हुनुपर्छ । 'विश्वले आफैले चीनलाई परिवर्तन गर्न सक्छ भन्ने सोच्छ । तर चीनले यति शानदार सफलता हासिल गरेको छ जसले विश्वलाई नै परिवर्तन गरेको छ ।' अमेरिकी 'न्यूयोर्क टाइम्स'को यस उद्गारमा गहन अर्थ छ ।

चीन आर्थिक वैश्वीकरणको लाभार्थी हो र विश्व समृद्धिको एक महत्त्वपूर्ण योगदानकर्ता हो । ४० वर्षदेखि चिनियाँ आर्थिक वार्षिक वृद्धिदर ९.५५ रहेको छ र विश्वको जीडीपीमा चीनको जीडीपीको अनुपात सुधार र खुला शुरुआती कालको १.८५देखि अहिलेको १५.२५ सम्म बढेको छ । धेरै वर्षदेखि विश्व आर्थिक वृद्धिको लागि चीनको योगदान दर ३०५ भन्दा बढी छ । 'हामीले यो विर्सनु हुँदैन कि विगत दस वर्षमा चीन विश्वको गरिबी निवारणमा सबैभन्दा ठूलो योगदान गरेको देश हो ।' संयुक्त राष्ट्र संघका महासचिव गुटेरेसले भने । ४० वर्षदेखि चिनियाँ गरिब जनसंख्या जम्मै ७४ करोड घटेको छ र यसै अवधिमा विश्वभरका गरिबी निवारणको कुल संख्यामा ७०५ भन्दा बढी ओगटेको छ ।

चीनको ४० वर्षको अभ्यासले विश्वलाई अर्को सम्भावना देखाएको छ र विकासशील देशहरूलाई आधुनिकीकरणका लागि सफल अनुभवहरू उपलब्ध गरेको र उज्ज्वल भविष्य देखाएको छ । गत सय वर्षमा विश्वको ठूलो परिवर्तन भएकाले चीनले आफ्नै कार्यक्रम र शक्ति प्रदान गर्न कोसिस गर्छ- सक्रिय रूपमा खुला विश्व अर्थतन्त्रको निर्माणलाई बढावा दिने, मानव भाग्यको समुदाय बनाउने, विश्वव्यापी शासन प्रणालीको परिवर्तन गर्ने र 'बेल्ट एन्ड रोड' सह-निर्माण गर्नेछ । चिनियाँ राष्ट्रपति सी चिनपिङले भनेजस्तै चिनियाँ सपना पूरा गर्नु विश्वलाई धम्की होइन अवसर पुर्यानइदिन्छस अशान्ति होइन शान्ति दिन्छस पछौटेपन होइन प्रगति दिन्छ भन्ने इसिहासले साबित गर्नेछ ।

(चाङ होङ- जन दैनिक अखबारको विदेशी संस्करणबाट)

छिमेकी

नेपाल भ्रमण गर्ने चिनियाँ पर्यटकको संख्याले २०१८ मा नयाँ रेकर्ड राख्यो

नेपाल राष्ट्रिय पर्यटन विभागले ८ गते जारी गरेको तथ्याङ्कअनुसार २०१८ मा नेपाल भ्रमण गर्ने चिनियाँ पर्यटकहरूको संख्या १ लाख ५० हजारभन्दा बढी थियो र २०१७ को तुलनामा ४६.८५ भन्दा बढी वृद्धि भयो । यो इतिहासमा नेपाल भ्रमण गर्ने सबैभन्दा बढी चिनियाँ पर्यटकको वर्ष हो । यस तथ्यांकअनुसार २०१८ मा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकहरूको कुल संख्या पहिलो पटक एक मिलियन नाघेर १.१७ मिलियनसम्म पुग्यो । पर्यटकहरूको पाँच वटा मुख्य स्रोत देश यी हुन् : भारत, चीन, अमेरिका, श्रीलंका र बेलायत ।

नेपाल संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अधिकारीले भने, नेपाल भ्रमण गर्ने पर्यटकहरूको संख्या उत्साहजनक छ, जसले २०२० मा नेपालमा २ मिलियन विदेशी पर्यटकको लक्ष्य हासिल गर्न ठोस आधार बनाएको छ । नेपाली राष्ट्रिय पर्यटन प्रशासन विभागका सीईओ जोशीले भने, विगत ३ वर्षमा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकहरूको संख्या लगातार बढ्दै आएको छ । यो मुख्यतया निजी क्षेत्रको सहयोग र मिडिया समाजको व्यापक प्रचारबाट प्राप्त भएको हो । *(सिन्ह्वा समाचर एजेन्सी चौ शङ पिङ)*

संस्कृति

युन्नान प्रान्तीय संग्रहालयका ३ संग्रहित कृतिमा ध्यान आकर्षित

सीसीटीभीको ठूलो सांस्कृतिक र शैक्षिक अन्वेषण कार्यक्रम 'नेशनल खजाना' दोस्रो खण्ड हालै चीनमा प्रसारण गरिएको छ । कार्यक्रममा प्रदर्शित २७ वटा राष्ट्रिय खजानामध्ये युन्नान प्रान्तीय संग्रहालयमा संग्रहित नेई अर भ्वाइलिन, चार-गोरुसुन-गिल्ट शूरवीरतामा भण्डारण उपकरण र दाली राष्ट्रिय चाँदी-गिल्ट मणिजडित गोल्डन-पखेटा पक्षीले व्यापक ध्यानआकर्षित गरेका छन् । भण्डारण उपकरण प्राचीन ड्यान राज्यको एक विशेष कांस्य उपकरण हो । यो प्रायस् शेलफिश भण्डारण गर्न प्रयोग गरिन्छ, जनु आज हाम्रो देशको पैसा जम्मा गर्ने गाग्रो जस्तै छ । चार-गोरु सुन-गिल्ट शूरवीर तामा भण्डारण उपकरणको शिरमा चारवटा मोटाघाटा गोरु छन् र अग्लो घोडा चढेर एक शूरवीर (नाइट) क्यारेक्टर छ । यो एउटा 'मौन इतिहास किताब' हो, जुन युन्नानका प्राचीन मानिसको जीवन दृश्य र आस्था देखाएको छ । नेई अर, युन्नानमा जन्मेका र चीनमा नाम चलेका एक प्रसिद्ध संगीतकार हुन् । सन् १९३५ मा चिनियाँ राष्ट्रको संकटकालमा नेई अरले भ्वाइलिनद्वारा प्रेरणादायी 'स्वयंसेवक मार्च' रचेका थिए, जुन पछि गएर चीन गणतन्त्रको राष्ट्रिय गान बन्यो । सुनको पखेटा पक्षी युन्नानको डाली मान्छेको पुरानो आस्थाको एक भाग हो । किंवदन्तीमा यो सुनको पखेटा भएको चराले स्थानीयहरूलाई बाढीको प्रतिरोध गर्न मदत गरेको थियो । स्थानीय वासिन्दाले यसलाई संरक्षक देवताको रूपमा हेर्थे । आज डालीमा जम्मै १६२९ जना पहिलो लाइनको नदी-ताल संरक्षक छन् । तिनीहरूलाई 'समकालीन दाली गोल्डेन पंख पक्षी' मानिन्छ, किनभने स्थानीय पोखरी र नदीहरूको संरक्षण गर्न तिनीहरूले योगदान गरेका छन् । *(ली युईचुन)*

युन्नानमा वसन्त महोत्सवको स्वागत

चिनियाँ वसन्त महोत्सव फरवरीको शुरुआतमा आउँदैछ । यस परम्परागत चाड नजिकिँदै आउँदा युन्नानका विभिन्न ठाउँमा उत्सवको माहौल भएको छ । चिनियाँहरूका लागि वसन्तोत्सव पारिवारिक पुनर्मिलनको चाड हो । बाहिर गएर काम गर्ने, पढाइ गर्ने मानिसहरू आफ्ना गृहघर फर्किन्छन् । कोही परिवारले यस उत्सव उपयोग गरेर बाहिर घुम्म जान्छन् । अन्दाजअनुसार, २०१९को वसन्तोत्सवको अवधिमा युन्नान प्रान्तमा यात्रु ढुवानीको कुल संख्या ७ करोड ४८ लाख ५० हजार सम्म पुग्नेछ । यातायात संरचनाको निरन्तर सुधार र जनताको यातायात मागको स्तर उच्च हुँदा रेलवे, नागरिक उड्डयनको यात्रा तीव्र रूपमा बढेको छ, र आत्म-ड्राइभिङ गाडी यात्रा पनि बढ्दै गइरहेको छ । नयाँ वर्षको लागि मालसामान तयारी गर्नु वसन्तोत्सवको नभई नहुने काम हो । युन्नानका विभिन्न ठाउँमा नयाँ वर्षको बजार दिनदिनै लोकप्रिय छ । धेरै नागरिकहरूले वसन्त चाड स्वागत गर्नका लागि शुभ चित्र र लेखहरू, लालटिन र अन्य विशेष सामानहरू छानेर किन्छन् । युन्नानका स्थानीय विशेष सामानहरू पनि प्रत्येक ठाउँका ग्राहकहरू खोजी खोजी किन्छन् । जनवरी ६ तारिख, 'वसन्तोत्सवमा युन्नान रेलको आशीष - पहिलो हाई-स्पिड रेल नयाँ वर्षको माल मेला' कुनमिङ दक्षिण स्टेशनमा आयोजित भएको छ । त्यहाँका हाई-स्पीड यात्रीहरूलाई शुभ उपहार पनि दिइएको छ । यस पटकको माल मेलामा ३०० भन्दा बढी कम्पनीहरू लगभग एक हजार विशेष मालसामान ल्याएका छन् । जनवरी १० देखि १७ सम्म युन्नानका युआनयाङ, ग्वाङनान र झिओज्या तीन जिल्लाका प्रमुखले ई-व्यापार प्लेटफर्म ताओबाओमा प्रत्यक्ष प्रसारणमार्फत नयाँ वर्षको मालसामान बेचेका थिए । यस वर्षमा ताओबाओ लाइभ प्रसारण युन्नान, ग्वाङतुङ, चोंगछिङ, शानतुङ, गुइजौ, जजियाङ, शानक्सी र भित्री मङ्गोलिया आदि प्रान्तमा ७ दिनको प्रत्यक्ष प्रसारण अनन्त रूपमा गरिएको थियो ।

यस पटकको वसन्तोत्सव माल मेलाको प्रत्यक्ष प्रसारणमा प्रदर्शित सामानहरूका अत्यधिक क्षेत्रीय विशेषता छन् । तिनीहरू वसन्त महोत्सवमा साथी र नातेदार भेट्नका लागि तयार गर्ने लोकप्रिय उत्पादन हुन् । हालसाल ई-व्यापार प्लेटफर्मले युन्नानका विशेष कृषि उत्पादनको बिक्री बिस्तार गरेको छ । २०१८ को टिमल 'डबल ११' दिवसमा ताओबाओमा युन्नान युआनयाङको रातो चामल अनलाइन प्लेटफर्मद्वारा लेनदेन मात्रा गत सालको यसै समयको तुलनामा डबल भएको छ । पुयर चियाको बिक्री रकम १ करोड युआन नाघेको छ ।

(ड्वान स्याओरुई चेन वनजोङ)

तस्बिर समाचार

जनवरी ५ तारिख, एक सीआरएच २ जी सद्भाव EMU रेलले पूर्ण यात्रीहरू लोड गरेर कुनमिङदेखि शुरु भई पश्चिमतिर चलिरहेको थियो । २ घन्टा ५८ मिनटपछि लिजियाङ पुग्यो । त्यही दिनको बिहान सवा नौ बजे सीआर २०० जे 'पुनरूत्थान' ईएमयू रेल १६० किलोमिटरको गतिमा कुनमिङ स्टेशनबाट निस्क्यो र २ घन्टा ४३ मिनटपछि मन्जी शहरमा पुग्यो । यो चिनियाँ रेलवे 'पुनरूत्थान'को १६० किकोमिटर प्रतिघन्टामा पहिलो शो हो । कुनमिङदेखि मङजीसम्म पहिलो पटक ईएमयू रेल चल्यो । कुनमिङ-लिजियाङ र कुनमिङ-मङजी ईएमयू रेल सञ्चालित भएपछि युन्नानलाई 'बेल्ट र रोड' निर्माणमा एकीकृत गर्न, हाई-स्पीड रेल सन्जालको कभर बिस्तार गर्न र क्षेत्रीय एकीकरण विकास गर्नका लागि महत्वपूर्ण र गहिरो भूमिका छ ।

हु स्याओरूङ ली छ्यौमिङबाट, चिनियाँमा अनुवाद : ह ठाव रूङ

चीन-लाओस् अन्तर्राष्ट्रिय कोरिडोरको यु-मो रेलवेको पहिलो स्टेशन प्रयोगमा

इन्टर-कनेक्शन

केही दिन अगाडि, चीन-लाओस् अन्तर्राष्ट्रिय कोरिडोरको युक्सी-मोयु रेलवेको यानह स्टेशन प्रयोगमा भएको छ । यो रेलवे चीन नेशनल रेलवे सन्जालमा जोडिएको छ । यो यु-मो रेलवेमा प्रयोग गरिएको पहिलो स्टेशन हो ।

यानह स्टेशन यु-मो रेलवेको शुरुआत शहर युन्नानको युक्सीमा स्थित छ र एक माल स्टेशन हो । यो स्टेशनले यु-मो रेलवेको पछिल्लो ग्रिडरका लागि आवश्यक सामग्रीको यातायात र ट्रान्जिटका प्रकार्यहरू संचालन गर्नेछ । यसले यु-मो रेलवे पूर्ण समापन गर्नका लागि आधार राखेको छ । सम्पूर्ण रेलवे खोलेपछि यानह स्टेशनले चीन-लाओस् अन्तर्राष्ट्रिय कोरिडोरको महत्वपूर्ण रसद केन्द्र हुनेछ ।

यु-मो रेलवे उत्तरमा युक्सीबाट सुरु हुन्छ र दक्षिणमा चीन र लाओसको सीमावर्ती नाका मोहानसम्म जान्छ । मुख्य लाइन ५०८ किलोमिटर छ भने डिजाइन स्पीड १६० किलोमिटर प्रतिघन्टा छ । यस रेलवे पूरा भएपछि कुन-यु रेलवेका साथ चीन-लाओस अन्तर्राष्ट्रिय रेल मार्गको घरेलु भाग बन्नेछ । चीन-एशियान स्वतन्त्र व्यापार क्षेत्र निर्माणमा र रेलवे तटका आर्थिक र सामाजिक विकासमा यसको ठूलो महत्व छ । *(ह्वाङ भ्याउछु ज्यु लेई)*

कुनमिङ एयरपोर्टमा १४४ घन्टाको ट्रान्जिट भिसा छुट

आदान-प्रदान

१ जनवरी २०१९ देखि कुनमिङ एयरपोर्टमा आधिकारिक रूपमा १४४ घन्टाको ट्रान्जिट भिसामुक्त नीति लागू हुनेछ ।

नयाँ नीतिअनुसार, ती योग्य विदेशीहरूले ट्रान्जिट भिसामुक्त नीतिको सुविधा लिन सक्छन्, जसले वैध अन्तर्राष्ट्रिय यात्रा कागजात र १४४ घन्टाभित्र मिति र सिट निश्चित भएर तेस्रो देश (क्षेत्र) जाने टिकट लिएका छन् । यस नीतिलाई लागू गर्ने देशको सूची ट्रान्जिट भिसामुक्त नीति कार्यान्वयन गरिएको ५३ देशहरूमा लागू हुनेछ । जानकारीअनुसार ट्रान्जिट चेक-फ्रि यात्रुहरूको चेक-अप समय बचत गर्न, रिजल्ट क्लियर स्पीड सुधार गर्न र कुनमिङमा ट्रान्जिट गर्ने यात्रुहरूको १४४ घन्टाको राम्रो उपयोग गर्नका लागि कुनमिङ सिमाना चेक अफिसले पोर्टल साइटमा १४४ घन्टा ट्रान्जिट भिसामुक्त विशेष चेक-च्यानल स्थापित गरेको छ । इलेक्ट्रोनिक पाटी र स्क्रिनमा प्रदर्शित विषयहरू पनि नवीकृत गरेको छ । यसका साथै विभिन्न एयरलाइन्सलाई नीतिको प्रचार र व्याख्या, व्यावसायिक प्रशिक्षणको सञ्चालन र सुरक्षित तथा सुचारु पास गर्नका लागि धेरै प्रयास गरेको छ । *(हान चेङयुआन)*

वातावरण

हरितहरामा विकासको सडक व्यापक र फराकिलो हुँदैछ

युन्नान प्रान्तको ली जियाङ नगरअन्तर्गत युलुङ-नासी जातीय स्वायत्त जिल्लाको शिगु शहरमा अखरोट, स्याउ, नाशपाती, आरु, ओखर, कालो मिर्च... यिनै २० भन्दा बढी प्रकारका नगदे रूख र फलफूलले विगतका उजाड पहाडमा हरियाली मात्र होइन वर्षभरिको पटक-पटक उत्पादनले पहाडियालाई पनि धनी बनाएको छ ।

शिगु गाउँ कमिटीका सदस्य तथा वाङ चेङ वडाका नेता ली माओ शेङले भने, पहिले पैसा कमाउन रूखहरू काटेर बेच्न बाध्य भएकाले गाउँका पहाड उजाड भए । बाढी, पैरो आदि प्राकृतिक विपति पनि आए । 'अब मैले बुझेँ, हरियाली वन जंगल र पहाड-नदी सुरक्षित गरेर मात्र राम्रो जीवन बिताउन सक्छ । पोहोर साल आरु, ओखर रोपेर ६० हजार युआन कमाएका छौँ ।' युन्नानले याङक्सी नदी आर्थिक क्षेत्रमा सामेल र सेवा गर्ने गरी वातावरण संरक्षण र विकासबीचको सम्बन्ध राम्ररी बुझेर वातावरण संरक्षणलाई प्राथमिकता दिने, हरित विकास गर्ने र हरियालीलाई धन परिणत गर्ने बाटो खोजेको छ ।

असल वातावरण एक किसिमको फाइदा पनि हो, सम्भावना पनि हो, र धन कमाउने सम्पति पनि हो । यसैले युन्नान डिछिङ तिब्बती स्वायत प्रदेश धेरै लाभान्वित छ । 'जिनशा नदी (याङ्सी नदीको अघिल्लो भाग) किनार क्षेत्रमा रंगीबिरंगी प्राकृतिक दृश्य र जातीय संस्कृति छन् । हामीले राम्रो वातावरणको भरोसामा बिदा र आराम यात्रा, ग्रामीण भ्रमण आदि नयाँ पर्यटन उद्योगको विकास गरेर वातावरणीय मूल्यको वृद्धि र जनसमुदायको आय स्रोत विस्तार गरेका छौँ ।' डिछिङ तिब्बती स्वायत प्रदेशका पर्यटन विकास समितिअन्तर्गत बजार शाखा प्रमुख चङ रूङले भने । गत जनवरीदेखि नोभेम्बरसम्म डिछिङले २ करोड स्वदेशी पर्यटकहरू आकर्षित पारेको छ र विदेशी पर्यटक ९ लाख पनि । पर्यटकीय आय २६ अरब युआनभन्दा बढी छ ।

कुनमिङ शहरअन्तर्गतका तीनवटा गरिब जिल्ला जिनशा नदीको शाखा नदी स्याओ जियाङ र फुङु नदी क्षेत्रमा पर्छन् । चिनियाँ उखान 'हरित पहाड, धनको पहाड' भनेजस्तै स्युनडिआन, लुचुआन र तुछ्वान तीनवटा जिल्लाले हरित पर्वतलाई संरक्षित गरेका साथै हरियालीको पर्यटन उद्योग विकास गरेका छन् । २०१८ मा कुनमिङ शहरमा गरिबी निवारणमार्फत १ लाख ६ हजार गरिबहरू मुक्त भएका छन् । *(छ्वे रनलिन ह शी चा चीफू युङ मिङहुङ)*